Pragyan Volume : 7, Issue : 1, 2079, ISSN : 2661-6068
DOI: https://doi.org/10.3126/pragyan.v7i1.55132

# साइबर सिद्धान्तका आधारमा "आमालाई इमेल" कविताको विश्लेषण

*टंकप्रसाद भट्टराई*
*सहप्राध्यापक*
*त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा*
*इमेल : tankabhattarai21@gmail.com*

**लेखसार**

*प्रस्तुत समालोचनात्मक लेख आमालाई इमेल कविताको विश्लेषणमा केन्द्रित रहेको छ । प्रस्तुत कविता रमेश गौतमको चिताको आगो साँच्चै तातो हुँदोरहेछ कवितासङ्ग्रहमा समाविष्ट छ । प्रस्तुत सङ्ग्रहमा समाविष्ट चउन्नवटा कवितामध्येको आमालाई इमेल कविता तेह्रौँ क्रममा समाविष्ट छ । विषयगत रूपमा विविधता रहेका प्रस्तुत सङ्ग्रहका कविताहरूमध्ये यस कविताले वर्तमान समयमा निकै महत्त्वपूर्ण मानिएको साइबर जगतलाई विषय बनाएको पाइन्छ । साइबर जगतको प्रभाव साहित्यमा पर्न थालेपछि त्यससम्बन्धी अध्ययन गर्न साइबर समालोचनाको विकास भएको देखिन्छ । यसले साइबर साहित्यको अध्ययन गर्छ । प्रस्तुत अनुसन्धेय लेखमा आमालाई इमेल कविता उत्तरआधुनिक बहुलवादी समालोचनाअन्तर्गतको साइबर समालोचनाका दृष्टिले कस्तो छ ? भन्ने मुख्य शोध्य समस्यामूलक प्रश्नमा केन्द्रित रही अध्ययनलाई अगाडि बढाइएको छ । साइबर समालोचनाका दृष्टिबाट विश्लेषण गरी मूल्य निरूपण गर्ने उद्देश्य राखिएको प्रस्तुत लेखमा पहिचानात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गरी प्रस्तुत आमालाई इमेल कविता उत्तरआधुनिक साइबर साहित्यका दृष्टिले सबल रहेको निष्कर्ष निकालिएको छ ।*

***शब्दकुञ्जी :*** *ट्रोजन डोमेन, भाइरस डिएक्टिभेट, यान्त्रीकरण, रिमोट सर्भर, साइबर क्राइम, साइबर सभ्यता, ।*

# AN ANALYSIS OF THE POEM 'AAMALAI EMAIL' BASED ON CYBER THEORY

*Tanka Prasad Bhattarai*

## Abstract

*The presented critical article focuses on the analysis of the poem Email to Mother. The poem presented by Ramesh Gautam is included in the collection of poems The fire of the pyre is really hot. Among the fourteen poems included in the presented collection, the email poem to the mother is included in the thirteenth order. Among the poems in the presented collection, which are diverse in terms of subject matter, this poem deals with the cyber world, which is considered very important nowadays. It seems that cyber criticism has been developed to study the impact of the cyber world on the literature. It studies cyber literature. How is the email poem to mother in the presented research article from the point of view of cyber criticism under postmodern pluralistic criticism? The study has been carried forward by focusing on the main solvable problematic question. In this article, which aims to analyze and value from the point of view of cyber criticism, it has been concluded that the email poem presented to the mother is strong from the point of view of postmodern cyber literature.*

**Keywords:** *Trojan Domain, Virus Deactivation, Automation, Remote Server, Cybercrime, Cyber Civilization.*

### विषयपरिचय

कवि रमेश गौतम (सन् १९८३) भौगोलिक दृष्टिले भुटानी र भाषिक दृष्टिले नेपाली हुन् । नेपाली भाषी भुटानीहरू आफ्नै भुगोलबाट निर्वासित भएपछि नेपाल हुँदै पछिल्लो समयमा अमेरिका लगायतका देशहरूमा बस्दै आएका छन् । तिनै नेपाली भाषी भुटानीमध्येका रमेश गौतम एक हुन् । उनले भुटानी शरणार्थीको रूपमा नेपालमा लामो समय व्यतीत गरे । यस क्रममा शिक्षा प्राप्त गर्नुका साथै साहित्यमा प्रवृत्त भएको देखिन्छ । पछिल्लो समय स्थायी रूपमा नर्वेमा बस्दै आएका गौतम शिक्षण पेसामा संलग्न छन् । जीवनको लामो समय कविता लेखेर कविका रूपमा परिचय बनाएका गौतमलाई धेरैतिरबाट कृति प्रकाशन गर्न सुझाव आएपछि आफ्नो पहिलो कृतिको रूपमा *चिताको आगो साँच्चै तातो हुँदोरहेछ* शीर्षकको कवितासङ्ग्रह २०७९ (सन् २०२२) मा प्रकाशित भएको छ । यस सङ्ग्रहमा भिन्नभिन्न कालखण्ड, भिन्नभिन्न परिवेश र मनस्थितिमा लेखिएका कविताहरू समाविष्ट छन् र ती विषयगत रूपमा पनि विविधतालाई अवलम्बन गरेर लेखिएका छन् (गौतम, सन् २०२२, पृ. आफ्नै कुरा) । करिब दुई दशकभन्दा लामो कवितासाधना र त्यसक्रममा सिर्जना भएका छ वटा कवितासङ्ग्रहबाट छनोट गरिएका यस सङ्ग्रहका कवितामा विषयगत विविधता हुनु स्वाभाविक हो । यस कवितामा सङ्ग्रहमा समाविष्ट चउन्न वटा

कवितामध्ये तेह्रौं क्रममा रहेको आमालाई इमेल कवितालाई कथ्य विषयका रूपमा चयन गरी अध्ययनलाई सम्पन्न गरिएको छ। प्रस्तुत कविताले वर्तमान समयमा साइबर सभ्यताको तीव्र विकास भएपछि यो मान्छेका निम्ति जसरी अपरिहार्य आवश्यकताको विषय बनेको छ त्यसै गरी यसबाट अनेक घटना दर्घटना हुँदै गइरहेका छन्, साइबर अपराधको विकास हुँदै गैरहेको छ र त्यसबाट मान्छे भयभीत र आतङ्कित छ भन्ने कुरालाई विषय बनाएको पाइन्छ। यस्ता साइबरसँग सम्बन्धित विषयवस्तुलाई प्रस्तुत गर्ने कृति वा रचनाको विश्लेषण गर्न साइबर समालोचनाको विकास भएको छ।

यस अनुसन्धेय लेखमा विश्लेष्य स्रोत सामग्रीका रूपमा रमेश गौतमको *चिताको आगो साँच्चै तातो हुँदोरहेछ* कवितासङ्ग्रहमा समाविष्ट 'आमालाई इमेल' कवितालाई चयन गरिएको छ। प्रस्तुत कविताले साइबर क्राइमको विषयलाई कथ्य विषयका रूपमा उठाएकाले प्रस्तुत समालोचनात्मक लेखमा साइबर समालोचनाका सापेक्षतामा आमालाई इमेल कविता कस्तो छ ? भन्ने मूल समस्यामूलक प्रश्नमा केन्द्रित रहेर अध्ययनलाई अगाडि बढाइएको छ। हालसम्म प्रस्तुत कविताको अध्ययन विश्लेषण नभएको अवस्थामा कवितामा अभिव्यक्त साइबर साहित्यसम्बन्धी कथ्यको मूल्य निरूपण गर्ने उद्देश्यमा लेख केन्द्रित रहेको छ। यस कविताले साइबर जगत्ले समाजमा पार्ने प्रभावअन्तर्गत साइबर अपराध वा क्राइमको विषयलाई प्रस्तुत गरेकाले यस लेखमा प्रस्तुत कवितामा अभिव्यक्त साइबर अपराधसम्बन्धी विषयको विश्लेषण गरी यो कविता साइबर क्राइमको विषयमा केन्द्रित कविता भएको निष्कर्ष निकालिएको छ।

## अध्ययनविधि

प्रस्तुत अनुसन्धानमूलक समालोचनात्मक लेखमा रमेश गौतमको *चिताको आगो साँच्चै तातो हुँदोरहेछ* कवितासङ्ग्रहमा समाविष्ट 'आमालाई इमेल' कवितलाई मुख्य विश्लेष्य सामग्रीका रूपमा चयन गरिएको छ। प्रस्तुत कवितालाई उत्तरआधुनिक बहुलवादी समालोचनाअन्तर्गतको साइबर समालोचनाका सापेक्षमा अध्ययन गरिएको छ। अध्ययनलाई व्यवस्थित ढङ्गले सम्पन्न गर्न दुई चरणमा कार्यसम्पादन गरिएको छ। प्रस्तुत अध्ययनलाई सम्पन्न गर्न पहिलोचरणमा पुस्तकालयको प्रयोग गरी द्वितीय स्रोतअन्तर्गतका सामग्री सङ्कलन गरिएको छ भने दोस्रो चरणमा निर्दिष्ट कवितलाई साइबर समालोचनाको सैद्धान्तिक पर्याधारमा विश्लेषण गरी निष्कषमा पुगिएको छ।

## साइबर समालोचनाको सैद्धान्तिक पर्याधार

प्रविधिका क्षेत्रमा द्रुत गतिमा भएको विकाससँगै विशेषतः विद्युतीय सञ्चारका क्षेत्रमा भएको विकास र त्यससँग जोडिएको जगत्लाई साइबर जगत् भनिन्छ। इन्टरनेटको विकास भएपछि यसले विश्वलाई नै साँघुरो तुल्याएको छ भन्ने अवधारणाहरू प्रस्तुत भएका छन् र यसमा अत्यधिक सत्यता पनि छ। यही सञ्चारको विकासले विशेषतः इन्टरनेटले सिर्जना गरेको सञ्जाललाई नै साइबर भनिन्छ। साइबर अंग्रेजी शब्द हो। यस शब्दले मूलतः विद्युतीय सञ्चारप्रणाली वा इन्टरनेटलाई बुझाउँछ तापनि यसले हरेक विषय र क्षेत्रलाई यसरी प्रभावित तुल्याएको छ कि ज्ञान विज्ञानका सबै क्षेत्रसँग यो जोडिन पुगेको छ। त्यससँगै ती क्षेत्रलाई र अवस्थालाई बुझाउन नयाँनयाँ शब्दहरू पनि निर्माण हुँदै गएको पाइन्छ। यस क्षेत्रमा प्रयोग हुने शब्दहरूका अगाडि साइबर शब्द अनिवार्य जोडिएर आएको पाइन्छ। जस्तै साइबर संस्कृति, साइबर साहित्य, साइबर समालोचना, साइबर प्रेम, साइबर सेक्स, साइबर आतङ्क, साइबर क्राइम, साइबर स्पेस (अधिकारी,

२०७४, पृ. ५) आदि । यी शब्दहरूले मूलतः तत्तत् क्षेत्रमा इन्टरनेटले पारेको प्रभावलाई बुझाउँछ । जस्तै साइबर संस्कृतिअन्तर्गत समाजमा विद्यमान संस्कार, संस्कृतिमा साइबरको विकासले कस्तो प्रभाव पारेको छ ? भन्ने कुरालाई देखाउँछ । साइबर जगतमा प्रवेश गरेपछि विश्वका हरेक क्षेत्रका कुरासँग तत्काल परिचित हुन पाइन्छ । पछिल्लो समयमा नेपाली समाजमा युवायुवतीहरू छाडा भएको, अनुशासित नभएको भन्ने खालका आलोचनाहरू सुनिन्छन् । यसको मुख्य कारण साइबरको प्रभाव नै हो । उनीहरूले विदेशी शैली अवलम्बन गरिरहेका हुन्छन् जो परम्परागत समाजलाई पाच्य नहुन सक्छ । त्यस संस्कार संस्कृतिसम्म उनीहरूको पहुँच साइबरका माध्यमबाट नै भएको देखिन्छ ।

साइबरलाई आजको युगमा सभ्यता मान्न सकिन्छ र यसलाई साइबर सभ्यता भन्न सकिन्छ । साइबर सभ्यताभित्र राम्रा र नराम्रा सकारात्मक र नकारात्मक दुवै खाले विषयहरू पर्दछन् । साइबरको विकासले अन्य क्षेत्रलाई जस्तै साहित्य जगत्लाई पनि तीव्र रूपमा प्रभाव पारेको देखिन्छ । साइबरबाट प्रभावित साहित्य नै साइबर साहित्य हो । साइबरसँग साहित्यको मुख्य दुईप्रकारको सम्बन्ध देखिन्छ । एकातिर साइबर जगतलाई माध्यम बनाएर स्रष्टाहरूले आफ्ना सिर्जनाहरू प्रस्तुत गरिरहेको पाइन्छ । यससँग जोडिएर साइबर स्रष्टा, अनलाइन पत्रिका, साइबर सिर्जना जस्ता पदावलीहरू प्रयोगमा आएको देखिन्छ भने अर्कोतर्फ पछिल्लो समयमा मानवसभ्यतामाथि साइबरले पारेको प्रभावलाई कथ्य विषयका रूपमा चयन गरेर त्यसका राम्रा नराम्रा पक्षहरूलाई अभिव्यक्त गर्ने उद्देश्यले लेखिएका सिर्जनाहरूलाई पनि साइबर साहित्य भनिन्छ । यस प्रकारका सिर्जनाहरूले साइबरको विकासले समाजमा पारेका सकारात्मक तथा नकारात्मक पक्षलाई उजागर गरिरहेको पाइन्छ । सकारात्मक पक्षहरूमा सूचनाको तीव्र सम्प्रेषण, भौगोलिक दृष्टिले दूर रहेकाहरू सञ्चारका माध्यमले निकट हुनु, ज्ञान विज्ञानका सबै सूचनासँगको तीव्र पहुँच, सर्वसुलभता जस्ता विषयहरू पर्दछन् भने नकारात्मक पक्षहरूमा साइबर क्राइम, साइबर सेक्स, साइबर चोरी, साइबर आतङ्क जस्ता कुराहरू पर्दछन् । साइबर सिर्जनासँग जोडिएका यी विषयको अध्ययन, विश्लेषण गर्ने कार्यलाई साइबर समालोचना भनिन्छ । यसअन्तर्गत प्रविधि, वा अनलाइन सञ्जालले रचनामाथि पारेको प्रभाव, कृति रचनामा त्यसको प्रयोग कसरी भएको छ भनी हेरिन्छ (गौतम, २०६७, पृ. ३९२) ।यसरी साइबर साहित्य सिर्जनात्मक र समालोचनात्मक गरी दुई प्रकारको देखिन्छ । साइबर सिर्जनामा समाज, पात्र परिवेशसँगको साइबर सम्बन्धलाई प्रस्तुत गरिएको पाइन्छ भने साइबर समालोचनामा साइबरको प्रयोग भएका सिर्जनामा त्यसको प्रयोग कुन रूपमा कसरी भएको छ ? भन्ने कुराको पहिचान तथा विश्लेषण गरिन्छ । साइबर साहित्यको अध्ययन अन्तर्गत एकातिर यसका सरलीकृत स्वरूपहरू पात्रहरूले प्रयोग गर्ने चिठीपत्रको सट्टा टेलिफोन, मोबाइल, इमेल, एस्एम्एस् जस्ता इमेल इन्टरनेट पर्दछन् भने अर्कोतर्फ यसका जटिल प्रयोगहरू मानवमस्तिष्कमा इलेक्ट्रोनिक मेमोरी थप्ने सम्भावनाको प्रसङ्ग जस्ता विषय (भट्टराई, २०६४, पृ. ७५) पर्दछन् । यसमा मूलतः परम्परागत विषयवस्तुको चयन नगरेर वर्तमान समयमा विकसित प्रविधिका सन्दर्भबाट नेट, कम्प्युटर, रोबट, आदिलाई माध्यम बनाएर भावी संसार एवं मानव भविष्यको कथा भन्नेतर्फ यो लक्षित देखिन्छ (शर्मा, २०७८, पृ. ५६) । साइबर जगत्लाई परोक्ष जगत् भन्ने गरेको पाइन्छ । त्यही परोक्ष जगत्सँगको पाठकको साक्षात्कार साइबर साहित्यमा अभिव्यक्त हुन्छ । यसलाई अध्ययन गर्ने समालोचना अर्थात् कृतिमा वर्णित परोक्ष यथार्थ प्राविधिक उपकरण र तिनको उपयोग एवम् परोक्ष समुदायको अध्ययन साइबर समालोचनामा हुन्छ (पौड्याल, २०७०, पृ. १४४) । यसप्रकार कम्प्युटर, इन्टरनेट हुँदै विकसित साइबर जगतले समाजमा पारेको प्रभावको अभिव्यक्ति दिने साहित्यलाई साइबर साहित्य भनिन्छ भने त्यस्ता साहित्यको अध्ययन गर्ने समालोचनालाई साइबर समालोचना भनिन्छ ।

## आमालाई इमेल कवितामा साइबर

'आमालाई इमेल' रमेश गौतमको कविता हो। प्रस्तुत कविता गौतमको *चिताको आगो साँच्चै तातो हुँदोरहेछ* कवितासङ्ग्रहमा समाविष्ट छ। यस सङ्ग्रहमा गौतमले करिब दुई दशकमा लेखेका कविताहरूमध्ये छनोट गरिएका चउन्नवटा कविताहरू समाविष्ट छन्। यस सङ्ग्रहका कविता सिद्धान्त, भाव, संरचना लगायतका दृष्टिकोणले विविधतायुक्त देखिन्छन्। जसमध्येको तेह्रौँ क्रममा रहेको 'आमालाई इमेल' शीर्षकको कविताले कम्प्युटर लगायतका प्रविधिहरूको तीव्र विकाससँगै यसले मान्छेको जीवनमा निम्त्याइरहेका अनेक प्रकारका जोखिमलाई कथ्य बनाएको पाइन्छ। मान्छे शिक्षित र चेतनशील हुँदै गएपछि प्राप्त प्रविधिलाई उपयोग गर्नेतर्फ अग्रसर भएको पाइन्छ परन्तु त्यसले निम्त्याउने वा निम्त्याउन सक्ने अनेक प्रकारका जोखिमका विषयमा इमेल, इन्टरनेट लगायतका प्रविधिका क्षेत्रमा अल्पज्ञ मान्छेलाई प्रविधिले सञ्चालित मात्र गरिरहेको हुँदैन कि त्यसले उसको जीवनमा अनेक जोखिम सिर्जना गरिदिन सक्छ भन्ने कुरा प्रस्तुत कविताका माध्यमबाट कविले प्रस्तुत गर्न खोजेको पाइन्छ। प्रविधिमा अल्पज्ञाता भएर त्यसको उपयोग गर्नु भनेको कुनै पनि क्षण प्रविधिकै माध्यमबाट जस्तोसुकै नसोचेको खतरा आइलाग्न सक्ने विषयतर्फ प्रस्तुत कविताले सङ्केत गरेको देखिन्छ।

गद्य लयको प्रयोग गरेर लेखिएको प्रस्तुत कविता गौतमका *चिताको आगो साँच्चै तातो हुँदोरहेछ* कवितासङ्ग्रहभित्र समाविष्ट कवितामध्येको लामो आकारको कवितामा पर्दछ। पाँच पृष्टको आयतन रहेको प्रस्तुत कवितामा लामा छोटा आठ अनुच्छेद रहेका छन्। एक प्रकारको सूक्ष्म वा गौण आख्यानलाई आत्मसात गरेको प्रस्तुत कवितामा छोराले वा सन्तानले आफ्नी आमाको नाममा खोलिदिएको इमेललाई साइबर ह्याकरले ह्याक गरेर एउटा इमेल पत्र पठाउँछ। जसमा उसले ती आमालाई अनेक प्रकारका चेतावनी दिँदै र पुनः आफू आफ्ना कुरामा इमानदार र प्रतिबद्ध रहेकामा विश्वास दिलाउने प्रयास गर्दै त्यसका निम्ति आफूले मागेको रकम पठाउन भन्छ। साथसाथै उसले आगामी दिनमा यस्ता दुर्घटनाबाट बच्न सुझाव समेत दिएको पाइन्छ। यसरी साइबर ह्याकरले एक महिलालाई इमोसनल व्ल्याकमेल गर्ने प्रयत्नमा लेखेको इमेल पत्र नै प्रस्तुत कविताको कथ्य विषय हो। यस कविताले विषयका माध्यमबाट एकातर्फ पछिल्लो समयमा केकस्ता साइबर अपराधहरू बढिरहेका छन् भन्नेतर्फ सङ्केत गर्दछ भने अर्कोतर्फ अपराध हुनुका कारणहरू हामी त्यसको उपयोग गर्नेहरूमा रहेको अल्पज्ञता हो भन्ने कुरालाई पनि सङ्केत गरेको पाइन्छ। यस कविषयलाई अधिक ज्ञान हुने सक्षम प्रविधिज्ञहरू ह्याकरबाट हुन सक्ने जोखिमबाट बच्न आवश्यक उपाय र प्रक्रियाहरू अवलम्बन गरिरहेका हुन्छन् जसले गर्दा उनीहरू साइबर प्रविधिको ज्ञान नै नहुनेहरू त्यसप्रकारका अपराध, घटना, दुर्घटनाको विषयसँग परिचित नै हुँदैनन् र के भैरहेको छ भन्ने ज्ञान नहुनाले उनीहरूमा त्यसको भयसमेत देखिने सम्भावना रहँदैन भन्नेतर्फको सङ्केत कवितामा गरिएको पाइन्छ।

प्रस्तुत कविताको पहिलो अनुच्छेद विषप्रवेशको रूपमा प्रस्तुत भएको छ जसमा भनिएको छ :

केही दिनअघि
आमालाई एउटा इमेल आएको रहेछ
एउटा विस्मयकारी सन्देश सहित। (गौतम, सन् १०२२, पृ. ४६)

प्रस्तुत पहिलो अनुच्छेदले कविता इमेलको विषयमा केन्द्रित छ भन्नेतर्फ सङ्केत गर्दछ भने कविताको दोस्रोदेखि सातौँ अनुच्छेदसम्म विषयलाई प्रस्तुत गर्दै अन्त्यमा आठौँ अनुच्छेदमा भनिएको छ :

यो इमेल पढ्न सक्ने त परको कुरा भयो
मेरी आमाले जीवनमा स्कुल कहिल्यै देख्नुभएन । (उही, पृ. ५०)

आमालाई इमेल आएको प्रसङ्गबाट आरम्भ भई आमाले उक्त इमेल पढ्न नसक्ने सन्दर्भमा टुङ्गिएको प्रस्तुत कविताको बीच (दोस्रोदेखि सातौँ अनुच्छेदसम्म) को खण्ड नै कविताको मुख्य विषय हो जहाँ साइबर क्राइम गर्नेहरूले व्यक्तिलाई केकस्ता उपाय अवलम्बन गरेर धम्क्याउँछन् डराउन दिन्छन् र के कसरी फकाएर आफ्नो स्वार्थ पूरा गर्छन् भन्ने कुरा प्रस्तुत गरिएको पाइन्छ । आज मान्छेले सहज ठानेर आफ्ना सम्पूर्ण सूचना तथा जानकारीहरू इमेल इन्टरनेटमा सुरक्षित गर्न चाहन्छ परन्तु त्यही सुरक्षा कुनै दिन असुरक्षित सिद्ध हुन सक्छ भन्नेतर्फ पनि कविताले सङ्केत गरेको देखिन्छ ।

इमेलमा गरिएको पत्राचारकै रूपमा वा त्यही ढाँचामा कविता प्रस्तुत गरिएको छ । साइबर ह्याकरले युवतीहरूका तस्वीरहरूलाई मिलाएर नग्न तस्वीरहरूका माध्यमबाट उनीहरूलाई धम्क्याउने र आफ्नो स्वार्थ पूरा गर्ने पद्धतिका रूपमा कविता प्रस्तुत भएको छ । कविताको दोस्रो अनुच्छेदमा आफूले ह्याकरको सहयोगमा इमेल अकाउन्ट लगइन गरेर त्यसमा ट्रोजन भाइरस इन्स्टल गरेको बताउँछ र आफूले सम्पूर्ण सूचनामा पहुँच पुऱ्याएको सन्दर्भलाई यसरी प्रस्तुत गरेको छ :

यस भाइरसले मेरा लागि
तपाईंको
माइक्रोफोन, भिडियो क्यामरा र किबोर्डहरू
फोटो, भिडियो र अडियो फाइलहरू
म्यासेज, इमेल र च्याट अभिलेखहरू
सामाजिक सञ्जाल, सम्पर्क सूचि र अन्य गतिविधिहरू
सबै सबैमा सुगमतापूर्वक पहुँच स्थापित गरिदिन्छ । (उही, पृ. ४७)

ह्याकरले पत्रवाहकलाई धम्क्याउँदै आफ्नो भाइरसको शक्तिबारे बताउँछ र उक्त भाइरसले सिग्नेचर रिफ्रेस गरिरहने तथा सबै खाले एन्टिभाइरसबाट अदृश्य रहन सक्ने क्षमताको बारेमा बताउँछ । साथै आफूले इन्टरनेटमा रहेका फोटो, भिडियो, गुप्त र व्यक्तिगत संवादहरूलाई मिलाएर अदृश्य चमकदार बिम्बहरू तयार पारेको बताउँछ । विश्वास नगरेमा आफूले ती सबै बिम्बहरू सहकर्मी साथीहरूलाई पठाइदिने धम्की दिन्छ र पूर्णतः सार्वजनिक समेत गरिदिनसक्ने धम्की दिन्छ । यस प्रकारको धम्की दिनुका साथै पुनः फकाउँछ र आफ्नो डिमान्ड प्रस्तुत गर्दै भन्छ :

तपाइँ मलाई मैले मागेको
अमेरिकी डरलको बिटकोइन तुल्यराशि पठाउनुहुनेछ
तपाईंसँग केवल अठचालीस घण्टा समय छ । (उही, पृ. ४८)

यसरी आफ्नो स्वार्थ र सर्त प्रस्तुत गरेपछि ह्याकरले आफूले सर्त पूरा भएपछि सम्पूर्ण सूचना डिलिट गर्ने र आफूले अपलोड गरेको भाइरस पनि डिएक्टिभेट गर्ने वाचा गर्छ । यसप्रकार इन्टरनेटीय ह्याकरको शिकार हुने व्यक्तिहरूले त्यसबाट बच्न गर्न सक्ने अनेक उपायका विषयमा समेत कवितामा सङ्केत गरिएको छ । यस प्रकारका दुर्घटनामा पर्ने व्यक्तिहरूले ह्याकरसँग संवाद गर्ने प्रयास गर्ने, साथीहरू वा पुलिसलाई खबर गरेर सहयोग माग्ने प्रयत्न गर्ने प्रवृत्तिप्रति सङ्केत गर्दै यस्ता कार्यहरू ह्याकरका विरुद्धमा गरिने व्यर्थ प्रयत्न हुन् भन्ने कुराको सङ्केत कवितामा प्रस्तुत भएको पाइन्छ । ह्याकरले यी सब कुराहरू निरर्थक हुने बताउँनुका साथै विषयको गम्भीरतालाई निर्देश गर्दै भनेको छ :

क्रिप्टोकरन्सीका सबै लेनदेन बेमानी हुन्छन्

अपोरेटिंग सिस्टमहरू पुनः इन्स्टल गर्न प्रयत्न नगर्नु होला

यो पनि निरर्थक हुनेछ ।

किनकि

तपाईको सबै डेटा रिमोट सर्भरमा सुरक्षित भइसकेको छ । (उही, पृ. ४९)

ह्याकरले आफूहरू बीचको लेनदेनका क्रममा रकम ठिक ठाउँमा पुग्ने नपुग्ने विषयमा निश्चिन्त हुन सुझाउँदै आफूले त्यसको पूर्ण निगरानी राखेको बताएको छ । अन्त्यमा भविष्यमा यस प्रकारका झमेलामा नफस्न र यसबाट सुरक्षित रहनसमेत सुझाव दिएको पाइन्छ । यसबाट सुरक्षित रहने सुझावको रूपमा भनेको छ “आफ्नो पासवर्ड नियमित रूपमा फेरिरहनु होला” (उही, पृ. ५०) । यसरी प्रस्तुत कविता ‘आमालाई इमेल’मा नेट इन्टरनेटको पहुँचमा रहेका तर यसको पूर्ण ज्ञानको अभावमा समय समयमा हुने गरेका विभिन्न किसिमका दुर्घटना र विशेषतः इमेलहरू ह्याक हुने विषयलाई प्रस्तुत गरिएको पाइन्छ ।

## निष्कर्ष

रमेश गौतमको कवितासङ्ग्रह *चिताको आगो साँच्चै तातो हुँदोरहेछ* साइबर अपराधको विषयलाई कथ्यका रूपमा प्रस्तुत गरिएको कविता हो । आकारका दृष्टिले मुक्तकीय संरचनादेखि केही लामो आकारसम्मका कविता लेख्ने गौतमका कवितामा विषयगत विविधता पाइन्छ । प्रस्तुत ‘आमालाई इमेल’ कविता केही लामो आकारको कविता हो । यस कविताले प्रविधिको विकाससँगै साइबरको विश्वव्यापीकरणले मान्छेलाई सूचनामा जति सहज पहुँच प्रदान गरेको छ त्यति नै यसका नकारात्मक पक्ष र प्रभाव पनि छन् भन्ने विषयमध्ये यसको नकारात्मक पक्षलाई विषय बनाइएको छ । यस कविताको मुख्य विषय साइबर अपराध हो । नेट इन्टरनेटको पहुँचमा रहेका व्यक्तिहरूमा यसको अधिक ज्ञान छ र त्यसको परिचालनमा उनीहरू सचेत छन् भने यसबाट अनेक उपलब्धि हासिल गर्न सकिन्छ र यसबारे पटक्कै ज्ञान छैन र यसको प्रयोगबाट व्यक्ति टाढा छ भने पनि उसलाई साइबर आतङ्क र साइबर अपराधको भय रहँदैन । परन्तु अधिक ज्ञानको अभावमा अल्पज्ञानकै बीचमा साइबर जगत्को प्रयोग गर्न थालियो भने जुनसुकै बेला आफूमाथि आक्रमण हुन सक्ने सम्भावना रहन्छ भन्ने कुरालाई कविताले विषय वा सन्देशका रूपमा प्रस्तुत गरेको छ । प्रस्तुत कवितामा एक अशिक्षित आमाको नाममा सन्तानले खोलिदिएको मेल ह्याक गरेर त्यसमा शक्तिशाली भाइरस अपलोड गरी अनेक उपायबाट उसलाई ब्ल्याकमेल गर्ने प्रयत्न गरेको विषय प्रस्तुत गरिएको छ । यस क्रममा आफ्ना सर्त स्वीकार नगरेमा हुन सक्ने जोखिमसम्बन्धी अनेक विषय उल्लेख गर्दै आफू (ह्याकर)

ले सर्त अनुरूप इमानदार भएर काम गर्ने कुरामा सम्बन्धित इमलेवाला (आमा) लाई आश्वस्त तुल्याएको छ । तर उक्त इमेल खोल्ने र हेर्न पढ्न नजान्ने हुनाले आमालाई त्यसको कुनै प्रभाव पर्दैन । त्यसका ठाउँमा इमेल खोल्ने र पढ्ने व्यक्ति हुन्छ भने आफ्ना आपत्तिजनक भिडियो, संवाद र तस्वीर वा गोप्य सूचनाहरू सार्वजनिक हुने भयले जस्तोसुकै सर्त मान्न विवस बन्न सक्ने अवस्थाप्रति कविताले सङ्केत गरेको छ । अतः साइबर सभ्यताको विकास मान्छेका लागि जति सहज, सुविधायुक्त र अपरिहार्य देखिन गएको छ, यो त्यति नै खतरायुक्त पनि छ भन्ने भाव सम्प्रेषण गर्ने कार्यमा कविता केन्द्रित रहेको छ । साइबर जगत्मा प्रचलित रहेका विविध सकारात्मक र नकारात्मक सम्भावनाहरूमध्ये नकारात्मक सम्भावनामध्येको साइबर ह्याक गरी ब्ल्याकमेल गर्ने प्रवृत्तिलाई कवितामा प्रस्तुत गरिएको छ ।

## सन्दर्भसूची

अधिकारी, ज्ञानु (२०७४). *साइबर सिद्धान्त, प्रयोग र अन्य समालोचना.* ललितपुर : साझा प्रकाशन ।

गौतम, रमेश (सन् २०२२). *चिताको आगो साँच्चै तातो हुँदोरहेछ.* भुटान : साहित्य परिषद् ।

गौतम, लक्ष्मणप्रसाद (२०६७). 'उत्तरआधुनिक समालोचनामा कृति विश्लेषणका पद्धति र प्रारूप' *भृकुटी* ( पूर्णाङ्क १०, माघ, फागुन, चैत). पृ. ३८४-३९८ ।

पौड्याल, एकनारायण (२०७०). *समालोचनाको स्वरूप र पद्धति.* चितवन : विमर्श नेपाल ।

भट्टराई, गोविन्दराज (२०७१). *उत्तरआधुनिक विमर्श* दो.सं.. काठमाडौं : ओरिएन्टल पब्लिकेसन हाउस ।

शर्मा, मोहनराज (२०७८). *समालोचनाका नयाँ कोण.* काठमाडौं : ओरिएन्टल पब्लिकेसन हाउस ।